नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठ्माडौं

आकस्मिक बाढीको प्रतिकार्यका प्रमुख गतिविधिहरूको प्रतिवेदन

प्रतिवेदन अवधिः ३१ भाद्र २०८३
प्रतिवेदन नं : १९

व्यवस्थापन महाशाखा

- व्यवस्थापन महाशाखाबाट विपद् प्रभावित क्षेत्रमा स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको मौज्दात व्यवस्थापन, प्राप्ति तथा मागअनुसार विभिन्न स्वास्थ्य संस्था/स्वास्थ्य शिविरमा वितरण तथा आपूर्ति गरिएको। विस्तृत विवरण उपलब्ध रहेको

शीर्षक	विवरण
मुख्य सहयोगी संस्था	**Jhpiego Corporation Nepal**
मुख्य प्रासकर्ता	१) **Nepal Senior Care** (बाढी प्रभावित ज्येष्ठ नागरिकहरूका लागि) २) **PHLMC Gandaki**
मुख्य वितरण सामग्री	PHLMC Gandaki लाईः क्लोरिन ट्याब्लेट (११,८८,०००), मलेरिया RDT किट (१०,०००), डेंगु कम्बो RDT किट (२,०००), Plaster of Paris ४"/६" (७२० प्रत्येक), NS 500ml/1000ml। Nepal Senior Care लाईः Pantoprazole, Albendazole, Amlodipine, Ondansetron, कफ सिरप, ग्लोभ्स, क्लोरिन ट्याब्लेट जस्ता साना परिमाणका सामग्री
हालको मौज्दात	करिब २८० प्रकारका सामग्री मौज्दातमा छन्। सबैभन्दा धेरै परिमाणमाः क्लोरिन ट्याब्लेट (८२,७५,४५०), Pantoprazole 40mg (२,३५,२२६), Amoxycillin 500mg+Clavulanic Acid (२,०२,०६०), Paracetamol 500mg (१,७३,२७०), मलेरिया RDT किट (७५,०००), डेंगु कम्बो किट (४८,०००)

औषधि तथा स्वास्थ्य सामग्रीको अवस्था - २०८३/०५/३०

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

- प्रभावित क्षेत्रमा SORMAS मार्फत ज्वरो तथा झाडापखालाजन्य केसहरूको नियमित अनुगमन जारी, विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको
- होल्डिङ सेन्टर र सेल्टरहरुबाट गत २४ घण्टामा कुल ३ वटा केस रिपोर्ट भएका छन्:
  - १ वटा Fever
  - १ वटा Fever with Cough
  - ० वटा Fever with Rash
  - १ वटा Acute Gastroenteritis (AGE)
  - जनावरको टोकाइको केस रिपोर्ट नभएको
- सम्बन्धित स्थानीय तहबाट ज्वरो तथा झाडापखालाजन्य केसहरूको उचित व्यवस्थापन भइरहेको।
- नोटः जनस्वास्थ्य सम्बन्धि उपायहरु अपनाइनुका साथै थप अनुसनधान थथा अनुगमन कार्य भइरहेको।

मनोसामाजिक परामर्श

- नुवाकोट, रसुवा, काठमाडौं, धादिङ्गका २९ वटा होल्डीङ्ग केन्द्रमा सम्पूर्ण बाढी प्रभावितलाई MHPSS तथा PFA सेवा प्रदान गरिएको छ।
- नसर्ने रोग रोकथाम सम्बन्धी सेवाहरूको समन्वयका लागि बहुसरोकारवाला समन्वय गरि आगामी कार्यहरुलाई योजना निर्माण क्रममा रहेको छ।
- बाढी प्रभावित क्षेत्रमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सम्पन्न मनोपरामर्श दाताहरूको आचार संहिता निर्माण गरिएको छ ।
- मानसिक स्वास्थ्य सहयोगका क्रममा प्रभावित व्यक्तिहरूका लागि सीप अभिवृद्धिका गतिविधिहरू पनि सञ्चालन गर्रिंदै आएको छ।
- मानसिक स्वास्थ्यसम्बन्धी IEC सामग्री वितरण तथा विशेषज्ञ सेवाका लागि रेफरल प्रणाली सुदृढीकरण भइरहेको छ।
- मनोचिकित्सक तथा क्लिनिकल मनोविद्सहितको विशेषज्ञ टोलीद्वारा मानसिक स्वास्थ्य सेवा आवश्यकताको पहिचान, मूल्याङ्कन तथा आवश्यक सहायता प्रदान भइरहेको छ।

- मानसिक स्वास्थ्य हेल्पलाइन तथा अनलाइन रिपोर्टिङ प्रणाली मार्फत सेवा, अनुगमन तथा समन्वयलाई निरन्तरता दिइएको छ।

१. **मनोसामाजिक परामर्श**

पछिल्लो २४ घण्टामा मानसिक स्वास्थ्य सहायताको विवरण

स्थलगत मनोसामाजिक परामर्श ५२४

पछिल्लो २४ घण्टामा मानसिक स्वास्थ्य सहायता प्रदान गरिएको संख्या





२. मनोचिकित्सक सहितको मानसिक स्वास्थ्य टोली परिचालनः







परिवार कल्याण महाशाखा

- नुवाकोट र रसुवा जिल्लाका प्रभावित क्षेत्रका गर्भवती, सुत्केरी महिलाहरुको अवस्थाबारे फोन फलोअप गरि अवस्थाको जानकारी लिनेकाम गरियो | आबश्यकता अनुसारको सेवा, सल्लाह र काठमाडौंमा भएका अस्पतालहरु संग समन्वय गरि प्रेषण सम्बन्धि समन्वय गर्ने कार्य सम्पन्न |
- रसुवा नुवाकोट तथा धादिंग मा पोषण क्लस्टरको बैठक बसी पोषण प्रतिकार्य संबंधी ,योजना बनेको छ।
    - रसुवामा पोषण लेखाजोखा को अभिमुखीकरण सम्पन्न
    - OTC हरूको Assessment भईरहेको

खोप तथा खोपद्वारा रोकथाम गर्न सकिने रोग)VPD) निगरानी अद्यावधिक:

- रसुवा र नुवाकोटका बाढी प्रभावित सबै पालिकामा **हैजाविरुद्धको खोप (OCV) अभियान सञ्चालन भइरहेको।**
- बाढीपछि **८ वटा शंकास्पद दादुरा (Measles) केस** रिपोर्ट भएकोमा रसुवाका ७ वटा नमुनाको परीक्षण नकारात्मक आएको र नुवाकोटबाट प्राप्त १ नमुना परीक्षणको क्रममा रहेको।
- स्वास्थ्य संस्थास्तरमा **टेलिफोनमार्फत सिन्ड्रोमिक तथा केसमा आधारित रोग निगरानी** निरन्तर भइरहेको।
- स्वास्थ्यकर्मी, उद्धार टोली तथा घाइते व्यक्तिहरूका लागि **टिटानस–डिफ्थेरिया (Td) खोप** तथा अग्रपंक्तिका प्रतिकार्यकर्तालाई आवश्यक प्राविधिक सहयोग प्रदान भइरहेको।

- आजको दिनसम्म रसुवामा १४०६९ र नुवाकोटमा ३६३४२ जनाले **OCV** खोप लिएका (क्रमशः ४५% र ४७% कभरेज)।

Districts	Municipality Name	Vaccination Progress					Sum Total (%)
		1 – 5 years		5 years and above		Total	
		Female	Male	Female	Male		
Rasuwa	Gosaikunda Rural Municipality	81	83	1223	120	2507	14069 (45)
	Uttargaya Rural Municipality	103	88	1387	1181	2759	
	Amachodigmo Rural Municipality	126	166	1354	1282	2928	
	Kalika Rural Municipality	209	221	2924	2521	5875	
Nuwakot	Bidur Municipality	859	960	15051	12412	29282	36342 (47)
	Belkotgadhi Municipality	139	148	2134	1601	4022	
	Kispang Rural Municipality	33	37	780	752	1602	
	Tarkeshwor Rural Municipality	24	27	729	656	1436	

- रसुवाका गोसाइँकुण्ड, उत्तरगया र आमाछोदिङ्मो गाउँपालिकामा ६३१ जनाले **Td खोप** तथा नुवाकोटमा APF मेडिकल टोलीमार्फत ११३ जनाले **TT खोप** प्राप्त गरेका।

District	Municipality Name	Vaccination Progress			
		Td		TT	
		Female	Male	Female	Male
Rasuwa	Gosaikunda Rural Municipality	68	178		
	Uttargaya Rural Municipality	44	102		
	Amachodigmo Rural Municipality	59	168		
	Kalika Rural Municipality	4	8		
Nuwakot	Bidur Municipality			15	98

- नुवाकोट र रसुवामा **MR खोप अभियानका लागि तयारी** तथा धादिङ, चितवन र गोरखाका बाँकी प्रभावित वडामा OCV अभियान सञ्चालनका लागि तयारी कार्य अघि बढाइएको।
- WHO र UNICEF बाट नियमित खोप सत्रको अनुगमन, OCV/Td अभियानको सुपरिवेक्षण तथा अभियानपश्चात् तथ्याङ्क व्यवस्थापनमा निरन्तर प्राविधिक सहयोग भइरहेको।

घरदैलोमार्फत हैजा खोप)OCV) लगाउँदै; खोप अभियानको सुपरिवेक्षण तथा अनुगमन; र OCV सम्बन्धी प्रायः सोधिने प्रश्नहरू)FAQ) समेटिएको पर्चा पढ्दै लाभग्राही।

पोषण

- बाढी तथा विपद्वाट प्रभावित जिल्लाहरूमा पोषण सेवा निरन्तरता तथा प्रभावित बालबालिका एवं लक्षित समूहको पोषण अवस्था सुधारका लागि पोषण सामग्री आपूर्ति, पोषण स्क्रिनिङ, स्वास्थ्यकर्मी अभिमुखीकरण तथा स्थानीय तहसँग समन्वय गरी विभिन्न गतिविधिहरू सञ्चालन भइरहेको छ।

१. पोषण सामग्री वितरणको विवरण

क्र.सं.	जिल्ला	RUTF	Vitamin A Capsule	MNP (Balvita)	वितरण/कार्य मिति
१	**रसुवा**	२५१ कार्टुन (३७,६५० स्याचेट)	१,००० क्याप्सुल	३,००,००० स्याचेट	सेप्टेम्बर
२	**नुवाकोट**	४७५ कार्टुन (७१,२५० स्याचेट)	२,००० क्याप्सुल	६,००,००० स्याचेट	सेप्टेम्बर ६–७
३	**धादिङ**	५७५ कार्टुन (७१,२५० स्याचेट)	२,००० क्याप्सुल	६,००,००० स्याचेट	सेप्टेम्बर ६
४	**गोरखा**	२०० कार्टुन (३०,००० स्याचेट)	—	—	सेप्टेम्बर ४
जम्मा	४ जिल्ला	**१,४९३ कार्टुन (२,१६,९५० स्याचेट)**	**५,००० क्याप्सुल**	**१५,००,००० स्याचेट**	

RUTF वितरणको स्थानगत विवरण

- **नुवाकोटः** बेलकोटगढी, त्रिशूली तथा तारकेश्वर क्षेत्रमा वितरण।
- **धादिङः** बेनीघाट रोराङ, गजुरी, गल्छी तथा धादिङबेसी क्षेत्रमा वितरण।
- **रसुवाः** बाढी प्रभावित लक्षित क्षेत्रका लागि वितरण।
- **गोरखाः** सेप्टेम्बर ४ मा RUTF वितरण।

२. पोषण स्क्रिनिङसम्बन्धी कार्य प्रगति

नुवाकोट

UNICEF र Plan International को संयुक्त सहकार्यमा **विदुरमा स्वास्थ्यकर्मीहरूलाई पोषण स्क्रिनिङसम्बन्धी अभिमुखीकरण** सम्पन्न गरिएको छ।

विदुर नगरपालिकाका **६ वटा वडालाई समेटी १२ वटा होल्डिङ सेन्टरमा पोषण स्क्रिनिङ सम्पन्न** गरिएको छ।

स्क्रिनिङ गरिएका होल्डिङ सेन्टरहरू:

- कबर्ड हल
- United School
- चन्द्रज्योति
- आयुर्वेद
- नुवाकोट दरबार
- किरियापुत्री भवन
- क्युरेनी स्कूल
- इन्द्रायणी स्कूल
- Himalayan Academy
- Tamang Plaza
- Safe Home
- Battr Chisyan

आगामी/योजनामा रहेका पोषण स्क्रिनिङ

- बेलकोटगढी, नुवाकोट
- उत्तरगया, रसुवा

३. जिल्ला तहको अभिमुखीकरण तथा समन्वय

रसुवा

- जिल्ला तहमा पोषणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको।
- उक्त कार्यमा **World Vision International (WVI)** तथा **ACF** सँग संयुक्त समन्वय तथा सहकार्य गरिएको।
- बाढी प्रभावित क्षेत्रमा पोषण स्क्रिनिङ तथा आवश्यक पोषण सेवाको विस्तारका लागि थप समन्वय भइरहेको।

४. हालसम्मको मुख्य उपलब्धि

- बाढी प्रभावित ४ जिल्लामा जम्मा २,१६,९५० स्याचेट RUTF वितरण गरिएको।
- ५,००० Vitamin A क्याप्सुल उपलब्ध/वितरण गरिएको।
- १५ लाख MNP (Balvita) स्याचेट वितरण गरिएको।
- नुवाकोटमा १२ वटा होल्डिङ सेन्टरमा पोषण स्क्रिनिङ सम्पन्न गरिएको।
- विदुरमा स्वास्थ्यकर्मीहरूलाई पोषण स्क्रिनिङसम्बन्धी अभिमुखीकरण सम्पन्न गरिएको।
- रसुवामा WVI र ACF को सहकार्यमा जिल्ला तहको पोषण अभिमुखीकरण सम्पन्न गरिएको।
- प्रभावित क्षेत्रमा पोषण सेवा प्रभावकारी रूपमा सञ्चालन गर्न सरकारी तथा विकास साझेदार संस्थाबीच समन्वय सुदृढ गरिएको।

क्र. सं.	कार्यविवरण	प्रगति विवरण	समस्या/चुनौती	समाधानका लागि भएका प्रयासहरु	थप टिप्पणी
१	पोषण क्लस्टर समन्वय तथा सूचना आदानप्रदान	भदौ ११-०८३ स्वास्थ्य सेवा विभाग, HEOC, PHEOC बागमती प्रदेश, जिल्ला प्रशासन, जनस्वास्थ्य कार्यालय, स्थानीय तह तथा स्वास्थ्य संस्थासँग पोषणसम्बन्धी आवश्यकताको समन्वय।	बाढीका कारण सञ्चार अवरोध तथा प्रारम्भिक सूचनाको अभाव।	उपलब्ध संयन्त्रमार्फत नियमित सम्पर्क, आवश्यकता संकलन र केन्द्रमा रिपोर्टिङ।	पोषण प्रतिकार्यलाई स्वास्थ्य आपतकालीन प्रतिकार्यसँग एकीकृत गर्नुपर्ने।
२	बाढी प्रभावित क्षेत्रको पोषण अवस्था तथा आवश्यकता अनुगमन	प्रभावित क्षेत्र तथा स्वास्थ्य संस्थाको स्थलगत अनुगमनका क्रममा बालबालिका, गर्भवती तथा सुत्केरी लगायत जोखिममा रहेका समूहको पोषणसम्बन्धी तत्काल आवश्यकता पहिचान।	भौगोलिक कठिनाइ, सम्पर्क विच्छेद र स्वास्थ्य संस्थामा क्षति।	स्थलगत स्वास्थ्य टोली, पालिका स्वास्थ्य शाखा र स्वास्थ्यकर्मीमार्फत सूचना संकलन।	मूल प्रतिवेदनमा पोषण सूचकको छुट्टै तथ्याङ्क छैन; थप मूल्याङ्कन आवश्यक।
३	होल्डिङ सेन्टरमा पोषण सेवा तथा IYCF समन्वय	होल्डिङ सेन्टरमा रहेका बालबालिका तथा जोखिम समूहको पोषण अवस्था पहिचान, पोषण परामर्श तथा शिशु तथा साना बालबालिकाको आहारसम्बन्धी सहयोगको आवश्यकता मूल्याङ्कन।	केही सेन्टरमा चिकित्सक/स्वास्थ्यकर्मी को उपलब्धता सीमित।	स्वास्थ्य टोलीसँग समन्वय गरी पोषण स्क्रिनिङ, परामर्श र आवश्यक रेफरलको व्यवस्था।	होल्डिङ सेन्टरमा पोषण सेवा स्वास्थ्य सेवासँगै निरन्तर राख्नुपर्ने।
४	MUAC/पोषण स्क्रिनिङ तथा जोखिम समूह पहिचान	बाढी प्रभावित बालबालिका तथा जोखिममा रहेका गर्भवती/सुत्केरीको पोषण अवस्था स्क्रिनिङ गरी कुपोषणको जोखिम पहिचान।	पहुँच तथा स्वास्थ्य संस्थाको क्षतिका कारण नियमित स्क्रिनिङमा कठिनाइ।	स्थानीय स्वास्थ्यकर्मी/आउटरीच टोलीमार्फत स्क्रिनिङ र आवश्यक रेफरल।	मूल प्रतिवेदनमा स्क्रिनिङ संख्या छैन; तथ्याङ्क संकलन आवश्यक।
५	SAM व्यवस्थापन तथा पोषण उपचारको निरन्तरता	गम्भीर कुपोषण पहिचान भएमा उपचार तथा रेफरल सेवा निरन्तर राख्ने।	४ स्वास्थ्य संस्था नष्ट तथा सम्पर्क विच्छेद भएका क्षेत्रमा सेवा कठिन।	नजिकको कार्यरत स्वास्थ्य संस्था/अस्पतालमा रेफरल तथा पोषण उपचार सामग्रीको समन्वय।	नष्ट भएका क्षेत्रमा अस्थायी पोषण सेवा सञ्चालन आवश्यक।
६	RUTF/RUSF तथा पोषण सामग्रीको आवश्यकता र आपूर्ति समन्वय	RUTF/RUSF, स्क्रिनिङ सामग्री तथा आवश्यक पोषण सामग्रीको स्टक/आवश्यकता पहिचान गरी सम्बन्धित निकायसँग समन्वय।	सम्पर्क विच्छेद भएका क्षेत्रमा सामग्री ढुवानीमा समस्या।	केन्द्रीय, प्रदेश, जनस्वास्थ्य कार्यालय र स्वास्थ्य संस्थाबीच समन्वय गरी सामग्री उपलब्ध गराउने।	वैकल्पिक ढुवानी मार्ग तथा नियमित आपूर्ति योजना आवश्यक।
७	स्वास्थ्य संस्था सञ्चालनसँगै पोषण सेवा सुचारु	बिदाको दिनमा समेत स्वास्थ्य संस्था सञ्चालनमा ल्याइएको अवस्थालाई उपयोग गरी नियमित पोषण सेवा, स्क्रिनिङ तथा परामर्श निरन्तरता दिने।	जनशक्ति व्यवस्थापनमा कठिनाइ तथा १२ स्वास्थ्यकर्मी बेपत्ता भएको अवस्था।	सकुशल स्वास्थ्यकर्मीसँग सम्पर्क र जिल्ला प्रशासन/अस्पतालसँग समन्वय।	तीन दिनभित्र अधिकांश आधारभूत स्वास्थ्य सेवा सुचारु भएकाले पोषण सेवा पनि निरन्तर गर्नुपर्ने।
८	खानेपानी, सरसफाइ र पोषणबीच समन्वय	बाढी प्रभावित क्षेत्रमा खानेपानीको अवस्था तथा क्लोरिनेशन आवश्यकतालाई पोषण प्रतिकार्यसँग समन्वय।	खानेपानीका स्रोत प्रभावित तथा पानीजन्य रोगको जोखिम।	उत्तरिया तथा बेत्रावती क्षेत्रमा क्लोरिनेशनलाई प्राथमिकता दिई सम्बन्धित निकायसँग समन्वय।	WASH गतिविधिलाई पोषण प्रतिकार्यसँग एकीकृत गर्नुपर्ने।
९	पोषण आपूर्ति तथा सेवा पहुँचको स्थिति मूल्याङ्कन	पुल बगेका तथा सम्पर्क विच्छेद भएका क्षेत्रमा पोषण सामग्री/सेवाको पहुँच र आपूर्ति अवस्थाको मूल्याङ्कन।	औषधि तथा स्वास्थ्य सामग्रीको निरन्तर ढुवानीमा समस्या।	स्थानीय तह, प्रदेश/केन्द्रीय निकाय तथा आवश्यक परे नेपाली सेनासँग समन्वय।	वैकल्पिक ढुवानी मार्ग तथा नियमित आपूर्ति योजना आवश्यक।
१०	पोषणसम्बन्धी नियमित सूचना तथा Surveillance Reporting	प्रभावित क्षेत्रका पोषण सेवा, जोखिम समूह, कुपोषण पहिचान, रेफरल तथा सामग्री आपूर्तिको नियमित रिपोर्टिङ।	सञ्चार अवरोध र प्रारम्भिक तथ्याङ्कको अभाव।	जनस्वास्थ्य कार्यालय तथा स्थानीय स्वास्थ्य संस्थासँग समन्वय गरी नियमित सूचना संकलन।	MoHFS, DoHS र HEOC रिपोर्टिङसँग पोषण सूचक समावेश गर्नुपर्ने।
११	पोषण क्लस्टरको थप आवश्यकता तथा सिफारिस	नियमित अनुगमन, IYCF, कुपोषण स्क्रिनिङ/व्यवस्थापन, पोषण सामग्री आपूर्ति र जोखिम समूहको संरक्षणलाई प्राथमिकता।	स्वास्थ्य पूर्वाधार क्षति, सम्पर्क विच्छेद तथा सेवा पहुँचको चुनौती।	संघिय समन्वय टोली, स्थानीय स्वास्थ्यकर्मी परिचालन, पोषण सामग्रीको पूर्वतयारी तथा नियमित अनुगमन।	खोप, मातृ तथा बाल स्वास्थ्य, दीर्घरोग र पोषण सेवाको एकीकृत निरन्तरता सुनिश्चित गर्नुपर्ने।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र

नेपालमा बाढीबाट ART सेवामा परेको प्रभाव -द्रुत मूल्याङ्कन

- बाढी प्रभावित रसुवा, नुवाकोट र धादिङ जिल्लाका एआरटी सेवाग्राहीको अवस्थाबारे जानकारी लिन आठ वटा एआरटी साइटमा द्रुत मूल्याङ्कन गरिएको थियो। **मूल्याङ्कनअन्तर्गत आठ वटा ART सेवा केन्द्र समेटिएका थिए,** जसमा नुवाकोटको त्रिशूली अस्पताल ART साइट र धादिङको धादिङ अस्पताल ART साइट लगायत प्रभावित जिल्लाका सेवाग्राहीहरू ART सेवाका लागि आबद्ध रहेका आसपासका जिल्लाहरू (चितवन, काठमाडौं र भक्तपुर) का थप छ वटा ART सेवा केन्द्रहरू समेत समावेश थिए।
- **बाढीअघि यी तीन जिल्लाका ७२९ जना सेवाग्राही एआरटी साइटमा उपचाररत रहेकोमा हालसम्म ६५५ जना (८९.९%) सँग सम्पर्क स्थापित भएको छ भने ७४ जना (१०.१%) सम्पर्कविहीन/अवस्थाबारे जानकारी नभएको अवस्थामा रहेका छन्।**
- सम्पर्कमा आएका सेवाग्राहीमध्ये हालसम्म कुनै मृत्युको जानकारी प्राप्त भएको छैन।
- उनीहरूको खोजी तथा सम्पर्कका लागि CHBC टोली र एआरटी काउन्सेलरमार्फत निरन्तर प्रयास भइरहेको छ र प्राप्त विवरण नियमित रूपमा अद्यावधिक भइरहेको छ।
- २०५ जना सेवाग्राहीले बाढीका कारण ART साइटसम्म पुग्न यातायात तथा पहुँचसम्बन्धी समस्या भोगिरहेको बताएका छन्। उनीहरूका लागि एआरभी औषधिको निरन्तरता सुनिश्चित गर्न पायक पर्ने एआरटी केन्द्रमार्फत वा बैकल्पिक व्यवस्था गरी सेवा सुनिश्चित गरिको छ तथा आवश्यकता अनुसार प्रेषणको समेत व्यवस्था गरिएको छ।
- ५ जना सेवाग्राहीको घरघर सम्पत्तिमा क्षति भएको र २ जना अस्थायी आश्रयस्थलमा रहेको जानकारी प्राप्त भएको छ।
- ५W म्यापिङका आधारमा, तीन वटा साझेदार संस्था- NFWLHA, NAP+N र Recovering Nepal- ले बाढी प्रभावित PLHIV (एचआईभी संक्रमित व्यक्तिहरू) तथा प्रमुख जोखिममा रहेका जनसंख्याहरू (Key Populations) लाई सहयोग पुर्याएका छन्। NFWLHA ले नुवाकोटस्थित Trisuli Plus CHBC को स्थलगत भ्रमण गरी त्यहाँ रहेका २०७ जना PLHIV को अवस्थाबारे अनुगमन गरेको छ। NAP+N ले नुवाकोटका ART/CHBC साइटमार्फत ३० जना र धादिङमा २० जना एचआईभी संक्रमित व्यक्तिहरूलाई खाद्य तथा गैर-खाद्य राहत सामग्री वितरण गरिरहेको छ।

Recovering Nepal ले हाल चितवनमा बसोबास गरिरहेका विस्थापित प्रमुख जोखिममा रहेका जनसंख्याका लागि राहत तथा पोषण सहयोग गरेको छ, जसमा ३ जना सुईमार्फत लागुऔषध प्रयोग गर्ने महिला तथा उहाँहरूका १९ जना परिवारका सदस्यहरू रहेका छन्। साथै, संस्थाले नुवाकोटमा आवश्यकताको आंकलन (needs assessment) गर्न स्थलगत भ्रमणसमेत गरेको छ।

राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र

विपद्पछिको क्षयरोग प्रतिकार्य (**Post Disaster TB Response**) सम्बन्धी गतिविधिहरू

- विपद् संक्टग्रस्त क्षेत्रमा क्षयरोग उपचारका लागि प्रयोग हुने औषधी उपलब्ध भैरहेको र राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रबाट निरन्तर समन्वयगरी सुनिश्चित गरिरहेको छ।
- DOTS केन्द्रमा समपर्कगरी हाल उपचारमा रहेका बिरामीको उपचार निरन्तरताको सुनिश्चित गरिरहेको छ।

अनुसुची

SORMAS को Daily Surveillance Report Module मा पछिल्लो २४ घण्टामा प्रतिवेदन भएका संक्रामक रोग भएका होल्डिङ सेन्टरहरु

३० भाद्र १:०० देखि ३१ भाद्र १२:५९ सम्म

Cases reported by each shelter, by date

Every holding centre that reported at least one case in the period, plus centres the registry holds at a population of 0.

	Population	15 Sep	Total
Indrayani Basic School, Vidur-1	33	1	1
Sundari Kyaurini Secondary School	22	1	1
Bhimsensthan Secondary School	37	1	1
Chandrajyoti Secondary School	0	N/A	0
Tamang Plaza, Bidur-4, Battar	0	N/A	0
Simle Basic School	0	N/A	0
Kalika Himalaya Ma Bi	0	N/A	0
Ji.Sa.Sa Hall	0	N/A	0